पूर्वखोला गाउँपालिका
Purbakhola Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

पूर्वखोला, पाल्पा
Purbakhola, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province Nepal

पत्र संख्या/Letter No.: ०७८।७८ मिति: २०७८।०२।२१
चलानी नं./Ref. No.: ९१

श्री विद्यालयहरु सबै,
पूर्वखोला गाउँपालिका, पाल्पा।

विषय: वार्षिक परीक्षा र नतिजा प्रकाशन सम्बन्धमा।

प्रस्तुत विषयमा नयाँ भेरिएन्ट सहितको कोभिड-१९ को प्रकोपले मानव जिवनलाइ पूर्णरुपमा ग्रसित बनाइ रहेको कारण लामो समय देखि निषेधाज्ञा चलिरहेको हुँदा जनजिवनमा ठुलो संकटको अवस्था पैदा गरेसंगै मिति २०७८।०१।१३ गते देखि यस पूर्वखोला गाउँपालिकाका सम्पूर्ण विद्यालयहरु बन्द रहेको कुरा विदितै छ। शैक्षिक सत्र २०७७ को वार्षिक परीक्षा निर्धारित समयमा सञ्चालन गर्न नसकिएको हुँदा शैक्षिक क्षेत्र पनि पूर्णरुपमा अन्योल ग्रस्त रहेको अवस्था छ। विद्यालयको वार्षिक परीक्षालाई पूर्णता दिइ विद्यार्थीहरुको स्तरनिर्धारण गर्ने तथा प्रमाणिकरण गर्ने विषयमा मिति २०७८।०२।२१ गते गाउँ शिक्षा समितिका अध्यक्षको अध्यक्षतामा बसेको सरोकार वालाहरुको बैठकको निर्णयानुसार यस गाउँपालिका भित्रका विद्यालयहरुले परीक्षा र नतिजा प्रकाशन तपसिल अनुसार गर्नु गराउनुहुन अनुरोध छ।

तपसिल

१. कक्षा १ देखि ९ सम्मका विद्यार्थीहरुको नतिजा प्रकाशनको लागि तपसिल अनुसार अभिलेख तयार गराउनु पर्ने।

| अर्धवार्षिक परीक्षा | बार्षिक परीक्षा | निरन्तर मूल्यांकन |
|---|---|---|
| ५० प्रतिशत | ३० प्रतिशत | २० प्रतिशत |

२.वार्षिक परीक्षा सञ्चालनको लागि सम्मपूर्ण विद्यालयहरुले मिति २०७८।०२।२७ गते सम्म प्रश्नपत्र तयार गरि स्थानीय शिक्षकहरु मार्फत सम्बन्धित टोलका शिक्षकहरु बाट प्रश्नपत्र विद्यार्थीहरुको घरघरमा पुऱ्याउने व्यवस्था मिलाउनु पर्ने।

३. मिति २०७८।०३।०१ गते विद्यार्थीहरुको उत्तर पुस्तिका संकलन गर्ने।

४. मिति २०७८।०३।०२ गते देखि उत्तर पुस्तिका परीक्षण गरि मिति २०७८।०३।१० गते नतिजा प्रकाशन गर्ने।

५. विद्यार्थीहरुको आन्तरीक मूल्यांकनको २०% लाई शतप्रतिशत मानी तपसिल अनुसारको खाका तयार गरि अंक निर्धारण पर्नुपर्ने।

| कक्षा कार्य | परियोजना कार्य | सिकाइमा सहभागिता | व्यवहार परिवर्तन | हाजिरी |
|---|---|---|---|---|
| २०% | २०% | २०% | २०% | २०% |

६.कक्षा ८ को परीक्षाको लागि सम्पूर्ण प्रक्रिया अन्य कक्षाको सरह नै हुने भएता पनि **प्रश्नपत्र शिक्षा शाखा बाट प्रासहुने र नतिजा तयार गरि मिति २०७८।०३।०८ गते प्रयोगात्मक र सैद्धान्तिक अंक इमिसमा प्रविष्ट** गरि नतिजाको अभिलेख र सफ्ट कपी शिक्षा शाखामा पेश गर्नुपर्ने।

डिल्लीराम ढुंगाना
शिक्षा अधिकृत